# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०९।१३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रुपन्देही, कोटहीमाई गा.पा. वडा नं. १ स्थित दानव नदीको सिपवा नाकाबाट नदीजन्य पदार्थ उत्खनन गर्न आ.व. ०७६/०७७ को टेण्डर प्रक्रियामा रकम बाँडेर टेण्डरको मुल्य घटाई ठेकेदारसँग आर्थिक लाभ लिई राज्यलाई हानिनोक्सानी गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा कोटहीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मझगाँवा, रुपन्देहीबाट आ.व. ०७६/०७७ मा भएको दानव नदीको सिपवा घाट बालुवा उत्खनन्, संकलन तथा बिक्री वितरण ठेक्का ए.आर.के. निर्माण सेवालाई प्राप्त गराउन नविन निर्माण सेवा, ए.आर.के. निर्माण सेवा र दुबे जी निर्माण सेवाका प्रोप्राइटरहरुले आपसमा मिलेमतो गरी उक्त तीन वटै निर्माण सेवाको BOQ निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तवले भरी दर्ता गरे गराएको र उक्त तीन वटै निर्माण सेवाको BOQ मा लेखिएका हस्तलिखित अङ्क र अक्षर आँखाले हेरी एउटै व्यक्तिले लेखेको छुट्याउन सकिने अवस्थामा पनि बोलपत्र मूल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बोलपत्र परीक्षण नगरी मूल्याङ्कन समितिका अध्यक्ष तथा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत नेत्र प्रसाद घिमिरे, इन्जिनियर मोहम्मद नुरुल हुसेन खाँ, ए.आर.के. निर्माण सेवाका प्रोप्राइटर कमलेश प्रसाद बर्मा (कोहार), नविन निर्माण सेवाका प्रोप्राइटर जय प्रकाश लाल श्रीवास्तव, दुबे जी निर्माण सेवाका प्रोप्राइटर अशोक कुमार दुबे, निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तव र संदीप तिवारी भन्ने संदीप कुमार त्रिपाठीको मिलेमतोमा सबभन्दा बढी कबोल अङ्क रहेको निर्माण सेवाको BOQ बोलपत्र खोल्नु भन्दा अगाडिको अवधिमा परिवर्तन गराई एकभन्दा बढी व्यक्तिले अङ्क र अक्षर लेखी लेखाई बोलपत्रदाताको दस्तखत महलमा अर्कै दस्तखत गराई फर्मको छाप महलमा अर्कै छाप लगाई उक्त BOQ को कबोल रकमको अङ्क महलमा केरमेट एवं मुचुल्कामा अङ्क र अक्षरमा केरमेटसमेत गरी सहीछाप नगरेको कैफियत जनाई उक्त निर्माण सेवाको बोलपत्रलाई अयोग्य ठहर गरी उक्त ठेक्काको न्युनतम रकमभन्दा थोरै कबोल अङ्क रहेको ए.आर.के. निर्माण सेवालाई ठेक्का दिई रु.४३,७०,०००।- राजस्व चुहावट गरी भ्रष्टाचारजन्य कसुर गरेकोले देहाय बमोजिमका आरोपितहरुलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ को उपदफा (१) बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय:**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत तथा बोलपत्र मूल्याङ्कन समितिका अध्यक्ष नेत्र प्रसाद घिमिरे र तत्कालीन इन्जिनियर तथा बोलपत्र मूल्याङ्कन समितिका सदस्य मोहम्मद नुरुल हुसेन खाँ | कोटहीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मझगाँवा, रुपन्देही | रु.४३,७०,०००।- | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ७ को देहाय (क) र (ख) बमोजिमको कसुर गरेको देखिँदा उल्लेखित कसुरमा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम सोही ऐनको दफा ३(१) को देहाय (छ) बमोजिम कैद सजाय गरी उक्त ऐनको दफा ७ मा उल्लेख भएबमोजिम चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना हुन मागदावी लिइएको छ। |

| | | | | |
|---|---|---|---|---|
| २. | प्रोप्राइटरहरु कमलेश प्रसाद बर्मा (कोहार), जय प्रकाश लाल श्रीवास्तव र अशोक कुमार दुबे | ए.आर.के. निर्माण सेवा, नविन निर्माण सेवा, दुबे जी निर्माण सेवा रुपन्देही | रु.४३,७०,०००।- | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा २२ बमोजिमको कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्रतिवादीहरु तत्कालीन प्रमुख प्रशासकीय अधिकृत नेत्र प्रसाद घिमिरे र इन्जिनियर मोहम्मद नुरुल हुसेन खाँ सरह सजाय हुन मागदावी लिइएको छ। |
| ३. | निरज श्रीवास्तव भन्ने जीवन श्रीवास्तव | जिल्ला रुपन्देही, लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. ०४ | रु.४३,७०,०००।- | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा २२ बमोजिमको कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिवादीहरु तत्कालीन प्रमुख प्रशासकीय अधिकृत नेत्र प्रसाद घिमिरे र इन्जिनियर मोहम्मद नुरुल हुसेन खाँ सरह सजाय हुन मागदावी लिइएको छ । |
| ४. | संदीप तिवारी भन्ने संदीप कुमार त्रिपाठी | जिल्ला रुपन्देही, कोटहीमाई गाउँपालिका वडा नं. १ | रु.४३,७०,०००।- | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा २२ बमोजिमको कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिवादीहरु तत्कालीन प्रमुख प्रशासकीय अधिकृत नेत्र प्रसाद घिमिरे र इन्जिनियर मोहम्मद नुरुल हुसेन खाँ सरह सजाय हुन मागदावी लिइएको छ। |

प्रवक्ता
श्याम प्रसाद भण्डारी